म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१६ अङ्कः- ५८ २०८१ माघ १ गते मंगलबार 14 January 2025, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

## उपचारको क्रममा तिमल्सिनाको मृत्यु

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका-९, राम्चेमा अनियन्त्रित भई स्कुटर पल्टँदा घाइते चालकको उपचारको क्रममा मृत्यु भएको छ । गत सोमबार राति ९ बजेर ५५ मिनेटको समयमा राम्चेस्थित भित्री सडकखण्डमा बाह्रबिसेबाट राम्चेतर्फ जाँदै गरेको बा प्र ०२-०२५ प ८०७९ नम्बरको स्कुटर अनियन्त्रित भई पल्टँदा २ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। स्कुटर पल्टँदा चालक १५ वर्षीय रेहन तिमल्सिना र पछाडि सवार बलेफी गाउँपालिका-३, धुस्कोट घर भई हाल राम्चे बजारमा बस्ने १७ वर्षीय सन्दिप तामाङ घाइते भएका थिए। घाइते दुबैको बाह्रबिसे अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारका लागि धुलिखेल अस्पताल लगिएको थियो। उपचारको क्रममा चालक तिमल्सिनाको आइतबार दिउँसो १२ बजेर ५५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। स्कुटरको पछाडि सवार तामाङको सोही अस्पतालमा उपचार भइरहेको छ।

### प्रदेश सभा सदस्य तामाङ जोडिएको सहकारी समस्याग्रस्त घोषणा

# सहकारीको सर्भर र कम्प्युटरका हार्डडिक्स सिज



*प्रदेश सभा सदस्य ज्ञानबहादुर तामाङ ।*

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशसभाका सदस्य ज्ञानबहादुर तामाङको नाम जोडिएको नेशनल नमोबुद्ध सहकारी संस्था लिमिटेड समस्याग्रस्त घोषणा गरिएको छ। एमालेको समानुपातिक सूचिबाट प्रदेश सभा सदस्य बन्नुभएका तामाङ जोडिएको नेशनल नमोबुद्ध सहकारीलाई प्रदेश सरकारले समस्याग्रस्त घोषणा गरेको हो।

आइतबार सहकारी तथा गरिबी निवारण मन्त्री मदुकुमार श्रेष्ठले मन्त्रीस्तरीय निर्णय गर्दै सो सहकारीलाई समस्याग्रस्त घोषणा गरेको हो । समस्याग्रस्त सहकारी घोषणा गरेसँगै सहकारीको केन्द्रीय कार्यालयमा प्रदेश सरकार अन्तर्गतको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले तालाबन्दी गरेको छ । मन्त्रालयले समस्याग्रस्त घोषणा गरेको भोलिपल्ट सोमबार काठमाडौंको सामाखुशीमा रहेको सहकारीको केन्द्रीय कार्यालयमा समितिका अध्यक्ष प्रभात अधिकारीसहितको टोलीले तालाबन्दी गरेको हो । टोलीले कार्यालयमा तालाबन्दीसँगै सहकारीको आय-व्ययको अवस्था जाँचबुझ गर्न कम्प्युटरका हार्डडिक्सहरु सिज गरेको छ। सहकारीको सम्पति भन्दा पनि दायित्व बढी देखिएपछि मन्त्रालयले सो सहकारीलाई समस्याग्रस्त घोषणा गरेको थियो ।

समितिका अध्यक्ष अधिकारीले प्रदेश सहकारी मन्त्रालयको निर्देशनमा आफूहरुले सहकारीको कार्यालयमा तालाबन्दी गरेको जानकारी दिएको छ। उहाँले तालाबन्दीसँगै कार्यालयबाट कम्प्युटरका हार्डडिक्सहरु नियन्त्रणमा लिएको र अन्य कागजातहरु लिएर २ माघमा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा उपस्थित हुन निर्देशन दिएको बताउनुभयो। अध्यक्ष अधिकारीले सम्पूर्ण कागजात र आयव्ययको अध्ययन गरेपछि मात्रै सहकारीको वास्तविक अवस्थाका बारेमा भन्न सकिने जानकारी दिनुभयो । काठमाडौंको सामाखुसीस्थित नेशनल नमोबुद्ध सहकारीका तत्कालीन अध्यक्ष समेत रहनुभएका प्रदेश सभा सदस्य तामाङसहितका पदाधिकारीका कारण ११ हजार बचतकर्ताको करिव २ अर्ब अपचलन गरेको भन्दै प्रदेश सहकारी रजिस्ट्रार कार्यालयमा उजुरी परेको थियो ।

सहकारीको अध्यक्ष हुँदा महँगो व्याजको प्रलोभन देखाएर बचतकर्ताबाट कुस्त रकम उठाएका तामाङले नुवाकोटको लिखु गाउँपालिका-९, थानसिङमा ४४ रोपनी जग्गा खरिद गर्नुभएको थियो । सोही जग्गा राष्ट्रिय सहकारी बैंकमा धितो राखेर सहकारीको नाममा १४ करोड रुपैयाँ ऋण निकालेर चलाएको र तामाङपछि अध्यक्ष बनेका राजकुमार लामासहितका अहिलेका पदाधिकारीले पनि त्यसैलाई निरन्तरता दिएका थिए। २०७२ सालदेखि २०७८ सालसम्म सहकारीका अध्यक्ष रहनुभएका तामाङ सहकारीबाट बाहिरि एलगत्तै रकम हिनामिना गरेको आरोप लगाइएको छ । बचत फिर्ता माग्दा सहकारीले दिन आनाकानी गरेको बचतकर्ताहरुको भनाई छ। २९ पुस २०७९ मा भएको २२औं अधिवेशनपछि सहकारीका अध्यक्ष राजकुमार लामा हुनुहुन्छ ।

सहकारी महाशाखाका रजिष्ट्रार कुमार तामाङले सहकारीको सम्पति भन्दा पनि दायित्व बढी देखिएपछि सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको जानकारी दिनुभयो । बचतकर्ताले दिएको उजुरीका आधारमा सहकारीका व्यवस्थापक र पदाधिकारीहरुलाई मन्त्रालयमा बोलाएर पटक-पटक छलफल गर्दा पनि समस्या समाधान हुने अवस्था नदेखेपछि समस्याग्रस्त घोषणा गर्नुपरेको उहाँको भनाई छ । रजिष्ट्रार तामाङका अनुसार सहकारीका अध्यक्ष राजकुमार तामाङसहितका पदाधीकारीहरुलाई १७ असोज २०८०, २२ कात्तिक र २० चैतमा छलफलका लागि बोलाइएको थियो । छलफलका क्रममा सहकारीले बचत फिर्ताको लागि ३ बैशाख २०८१ मा कार्ययोजना पेश गरेको भएपनि सो अनुसार काम नभएपछि सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको हो ।

उहाँले बचतकर्ताहरुले नेशनल नमोबुद्ध सहकारीसँग १२ करोड २७ लाख रुपैयाँ बचत फिर्ताको माग गरेको जानकारी दिनुभयो । छलफलका क्रममा सहकारीसँग १ अर्ब ५२ करोड रुपैयाँ दायित्व देखिएको उल्लेख गर्नुहुँदै उहाँले सहकारीसँग अनुमानित ७० करोड रुपैयाँको सम्पत्ति देखिएको बताउनुभयो ।

## कैलाशका टिकाराम भीमफेदीमा मृत फेला

समाज संवाददाता

हेटौँडा : मकवानपुरको कैलाश गाउँपालिका-७, भार्ताका ७० वर्षीय टिकाराम प्रजा भीमफेदी गाउँपालिका-२, रिठेडाँडामा मृत फेला परेका छन् । सोमबार ११ बजेर ३० मिनेटको समयमा प्रजाको शव भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रजाको शव सडे-गलेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । प्रहरीको अनुसन्धान टोली घटनास्थलमा पुगेर अनुसन्धान गरिरहेको छ ।

प्रहरीका अनुसार गत कात्तिक १४ गते भीमफेदी-९ मा भाञ्जी पम्फा चेपाङको घर जाने क्रममा प्रजा हराएका थिए । टिकरामका भाञ्जा रामहरी प्रजाले मंसीर ४ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरमा आफ्नो मामाको खोजी गरि दिन निवेदन दर्ता गराएका थिए । मृतकले लगाएको कपडा र साथमा रहेको झोलाको आधारमा सनाखत गरेको प्रहरीले जनाएको छ।

## आज हेटौंडामा माघी महोत्सव

समाज संवाददाता

हेटौंडा : थारु कल्याणकारिणी सभा मकवानपुरले आज माघे संक्रान्तिका दिन हेटौंडामा सातौं थारु माघी महोत्सव आयोजना गर्दैछ । थारु समुदायको मुख्य पर्व माघीको अवसरमा महोत्सव आयोजना गरिएको थारु कल्याणकारिणी सभा मकवानपुरका सचिव चन्द्रकान्त चौधरीले जानकारी दिनुभयो ।

बिहान ११ बजेबाट हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयको खेलमैदानबाट र्‍याली सुरु गरी हेटौंडा बजारको सिमाचोक, बुद्धचोक र कान्तिलोकपथ हुँदै पुनः भुटनदेवी माध्यमिक विद्यालयको खेलमैदानमा पुगेर माघी महोत्सव मनाइने सचिव चन्द्रकान्त चौधरीले जानकारी दिनुभयो। महोत्सवमा थारु समुदायको परिकारको स्टल रहनेछ। महोत्सवमा थारु समुदायको मौलिक साँस्कृतिक प्रस्तुती समेत रहनेछ।












सम्पादकीय

# बहुसांस्कृतिक पर्व

हाम्रो देश नेपाल विविधतायुक्त देश हो । भौगोलिक वनावटका कारण नेपालका विभिन्न क्षेत्रमा मौसम, हावापानी, जीवजन्तु र अन्य प्राकृतिक कुरा फरक-फरक किसिमका पाइन्छन् । भौगोलिक वा प्राकृतिक वातावरणमा मात्र नभएर नेपालीहरुको संस्कृति पनि धेरै प्रकारका छन् । विविध जाति, भाषा, धर्म, चाडपर्व, रहनसहन भएकै कारण नेपालमा सांस्कृतिक विविधता भएको हो । यही सांस्कृतिक विविधताको गतिलो उदाहरण माघ १ गते बन्दै आएको छ । हरेक वर्ष माघको पहिलो दिन वा माघे संक्रान्ति नेपालीहरुको बहुसांस्कृतिक पर्वको रुपमा परिचत बनिरहेको छ । आज माघे सक्रान्तिलाई नेपालका विभिन्न क्षेत्र, जाति तथा समुदायले फरक-फरक पर्वको रुपमा मनाउँदैछन् । यस दिनलाई थारु जातिले नयाँ वर्ष मानेर माघी पर्वको रुपमा मनाउँछन् । मगर जातिले मकर संक्रान्ति वा माघ्या/सेल्र्हेसको रुपमा यो पर्व धुमधामसँग मनाउने गर्दछन् । नेवारले यस पर्वलाई घ्यूचाकु सँल्हुको रुपमा मनाउँछन् भने तराईका मैथिलीले तिला संक्रान्ति पर्वका रुपमा मनाउँछन् ।

माघे संक्रान्ति नेपालको हिमाल, पहाड र तराई सबैतिर मनाइने गरिन्छ । छेत्री, बाहुन, थारु, मगर, राई, लिम्बु, नेवार, गुरुङलगायत सबै जातिले आ-आफ्नै किसिमले यो पर्व मनाउने गरेका छन् । यसै दिन सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्दछ । सूर्यको उदयबिन्दु दक्षिणतर्फबाट उत्तरतर्फ सर्ने भएकाले यस दिनबाट उत्तरायण सुरु हुने मान्यता छ । उत्तरायणको अवधिमा दिन लामो हुँदै जाने र तापक्रम वृद्धि हुँदै जाने गर्दछ । माघे संक्रान्तिमा विशेष परिकार खाने प्रचलनले पनि यसको महत्व बढाएको छ । माघे संक्रान्तिमा तिलको विशेष महत्व छ । यस दिन तिलको होम र दान गर्नाले वा खानाले व्यक्ति सफल हुन्छ भन्ने धार्मिक विश्वास छ । माघे संक्रान्तिका दिन नदीको संगममा स्नान गरी दान गर्नाले पुण्य प्राप्त भई रोगब्याधिबाट मुक्त हुने जनविश्वास छ । धार्मिकमात्र होइन, वैज्ञानिक दृष्टिबाट पनि माघे संक्रान्ति महत्वपूर्ण मानिएको छ । आफ्नो शरीर सफा बनाउन स्नान गर्नेदेखि घिउ, चाकु, तिलको लड्डु र तरुल, सख्खरखण्ड, खिचडीजस्ता मौसमअनुकूल पोषक खाना खानु भनेको मानिस स्वस्थ रहन सहयोग पुग्नु हो ।

माघे संक्रान्तिका दिन देशका विभिन्न स्थानमा मेलासमेत लाग्ने गर्दछ । नेपालका विभिन्न पवित्र नदी, सागर तथा त्रिवेणीमा माघे संक्रान्ति मेला लाग्दछ । चितवन र तनहुँको देवघाट, सुनसरीको बराहक्षेत्र, गुल्मी र पाल्पाको रिडी, काभ्रेपलान्चोकको पनौती र दोललाघाट, दाङको रिहार र गोबर डिहा, झापाको कन्काइ, इलामको माइबेनी, हेटौंडाको कुश्माण्डधाम (त्रिवेणी)लगायत देशका सबैजसो भागमा यस दिन मेला लाग्दछ । यी स्थानमा रहेका पवित्र नदी तथा त्रिवेणीमा स्नान गरी मन्दिरमा पूजा आराधना गर्दै दान गर्नाले पापबाट मुक्त भई पुण्य प्राप्त हुने विश्वास रहेको छ । यस दिन भारतको प्रयाग, हरिद्वार र गङ्गासागरलगायतका नदी र घाटमा स्नान, दान, श्राद्ध आदि गर्नेको संख्या पनि उल्लेख्य रहने गरेको छ । माघे संक्रान्तिकै दिन नुवाकोटको तारुकामा गोरु जुधाउने मेलासमेत हुने गरेको छ ।

विभिन्न स्थान, जाति र समुदायमा फरक नामले चिनिने माघे संक्रान्ति पर्व धार्मिक, सांस्कृतिक र वैज्ञानिक दृष्टिकोणबाट समेत महत्वपूर्ण मानिएको छ । शिशिर ऋतुमा पर्ने यो संक्रान्तिमा शरीर शुद्ध गरी घिउ, चाकु र तिल तथा खिचडी खानाले शरीरमा गर्मीका मात्रा बढेर तागत दिने तथा मास हालेर पकाइएको तिलको तेल शरीरमा घस्दा चिसोबाट मुक्त भई शरीरमा छालासम्बन्धी र अन्य रोग नाश हुने विश्वास गरिन्छ । विविधतामा एकता कायम रहेको नेपालमा एकै दिन पर्ने पर्वलाई अलग-अलग किसिमले मनाउँदा हाम्रो बुहसांस्कृतिक पहिचानलाई अझ प्रगाढ बनाउन मद्दत पुऱ्याएको छ । सबै नेपालीबीच भातृत्व र सहअस्तित्व कायम गर्न यस्ता बहुसांस्कृतिक पर्वले महत्वपूर्ण सहयोग गर्दछ । हरेक चाडपर्वको महत्वलाई उजागर गर्ने किसिमबाट संयमित, मर्यादित र किफायती किसिमबाट मनाउनु आवश्यक छ । यस्ता चाडपर्वलाई हरेक व्यक्ति र समुदायले हर्षोल्लाससाथ मनाउने अवस्था बनोस् । माघे संक्रान्तिको सबैलाई शुभकामना ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आत्मबल बढ्ने समय योग रहेको छ ।
**वृष** : रोकिएको काम बन्ने सम्भावनार्थ देखिन्छ ।
**मिथुन** : ज्ञान र सीप बढ्ने समय योग छ ।
**कर्कट** : हाँके ताकेका काममा सफलता मिल्ने छ ।
**सिंह** : साँझेदारी कामबाट लाभ प्राप्त हुने समय छ ।
**कन्या** : कर्तव्यप्रति सचेत रहँदा मान/सम्मान प्राप्त ।
**तुला** : प्रशासनिक एवम् राजनैतिक काममा सरिक भइने छ ।
**वृश्चिक** : व्यापार–व्यवसाय मध्यमकारक रहने छ ।
**धनु** : वैदेशिक योगका काममा लाभ प्राप्त होला ।
**मकर** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
**कुम्भ** : मनमा शान्तिको अनुभूति प्राप्त हुने समय छ ।
**मीन** : मनोरञ्जनका काममा समय व्यतित होला ।

# पूर्णिमा, सङ्क्रान्ति र कुम्भस्नान पर्व



अजयकुमार झा



प्राणी मात्रको जीवनमा स्नानक्रिया वा स्नान गर्ने स्वभावको आफ्नै स्थान छ। मान्छेले शरीरका बाहिरी अवयवलाई सफा गर्न स्नान गर्छ । यसबाहेक सूर्य स्नान, वायु स्नान, मन्त्र स्नान आदिको चर्चा पनि शास्त्रमा पाइन्छन् । तर जल स्नान आधारभूत र सर्वोपरि स्नान हो, जो नियमित गरिन्छ ।

स्नानले शरीरबाट पसिना, धुलो, मयल र विषाक्त तत्त्वहरूलाई हटाउँछ; छालाका प्वालहरूलाई सफा गर्छ, जसले गर्दा छाला स्वस्थ र चमकदार रहन्छ । छाला स्वस्थ र स्वच्छ राखेर विभिन्न रोगबाट जोगिन सकिन्छ । नियमित र सही तरिकाबाट गरिने स्नानले जीवनमा सन्तुलन र शुद्धता ल्याउँछ। दिन चर्यामा अनुशासन र नियमितता ल्याउने एक माध्यम पनि हो स्नान । यसले दिनको सुरुवातमा नयाँ ऊर्जा र उत्साह भर्छ ।

स्नान शरीरलाई पवित्र राख्ने माध्यम हो र यसले आत्मिक शुद्धि प्रदान गर्छ । मानसिक र आध्यात्मिक जागरणमा स्नानको विशेष महत्त्व छ । सनातन संस्कृतिमा स्नानलाई आत्मशुद्धिको प्रतीक मानिएको छ। पूजापाठ र धार्मिक अनुष्ठान प्रारम्भ गर्नुअघि स्नान गर्नु आवश्यक मानिएको छ । सनातन संस्कृतिमा स्नान एक तीर्थको रूपमा पनि स्थापित छ । तीर्थ भनेको त्यो पवित्र र पुण्य स्थान हो, जहाँ धर्मभावले मानिस स्नानका लागि यात्रा गर्दछ । कोशी, गंगा, यमुना, सरस्वती आदि अनेक पवित्र नदीहरू छन्, जसमा स्नान गर्नाले पापको नाश र मोक्ष प्राप्ति हुन्छ। पुसे पूर्णिमा, मकर सङ्क्रान्ति, कुम्भ आदि विशिष्ट स्नान पर्व हुन् ।

यस वर्ष यही पुस मसान्तको दिन सोमवार पुसे पूर्णिमा परेको छ भने यसको भोलिपल्ट अर्थात् मंगलवार मकर सङ्क्रान्ति । यी दुवै दिवस यसपटक लगातारको दुई दिन विशेष स्नान-पर्वका रूपमा संयोग परेको छ। पुस शुक्ल पूर्णिमा (पुसी पूर्णिमा)को दिन नदी, तलाउ, पोखरी, दह, कुण्ड, ताल, सरोवर आदि जलाशयमा गएर स्नान गर्ने लामो समयदेखिको परम्परा छ। यसै गरी मकर स्नानको पनि आफ्नै प्रसिद्धि छ ।

पुसी पूर्णिमा एक स्नान-पर्व हो, जो पौष मासको पूर्णिमाको दिन मनाइन्छ । पुसी पूर्णिमाको दिन जलाशयमा स्नान गरेपछि जीवनमा प्रायश्चित र सन्तोष प्राप्त हुन्छ। यो दिन धार्मिक र सांस्कृतिक रुपले अत्यधिक महत्वपूर्ण छ। पुसी पूर्णिमा भगवान विष्णु र चन्द्रदेवको विशेष पूजाका लागि जानिन्छ। पूर्णिमाको दिन चन्द्रदेवको विशेष पूजा गरिने परम्परा छ। अझ यस पूर्णिमामा चन्द्रमाको प्रभाव अधिक रहने बताइन्छ। यस दिन पवित्र नदीमा स्नान गर्नु र दानपुण्य गर्नुको निकै महत्व छ।

सप्तरी, सुनसरी लगायतका बासिन्दा सप्तकोशी नदीमा स्नान गर्न आउँछन्। कोशी ब्यारेजको दुवै किनारमा नुहाउनेहरूको ठुलो घुइँचो लाग्छ। कोशी ब्यारेजमा सीमावर्ती भारतीय समेत आउँछन् । कोशी ब्यारेजको दुवैतिर गाउँदेखि आउने बयलगाडादेखि सहरदेखि आउने मोटरगाडा लाम लागेका हुन्छन् । यहाँ मात्र होइन, कोशी नदीको छेवैछेउ, जहाँ जहाँ मानिसको बस्ती छ, हरेक बस्तीका मानिस नजिकको घाटमा गएर नुहाएर स्नानपर्वको धर्म निर्वाह गर्छन् । कौशिकीदेवीको मूर्ति स्थापना गरी आराधन गर्ने गरिन्छ । धार्मिक प्रवचन, भजन-कीर्तनजस्ता कार्यक्रम आयोजित गरिन्छ । घाट-घाटमा मेला लाग्छ । कतै-कतै सरकारी निकायहरूले पनि कृषि मेलाको आयोजना गर्छन् ।

कोशी-स्नान नुहाएर जप-तप गरिसकेर तात्तातो जिलेबी (जेरी) खानु पुसी पूर्णिमाको परम आनन्द हो। नदीमा जान नसक्नेहरू आफ्नो घरनजिकको जलाशयमा स्नान गर्छन् ।

यस वर्ष पुसी पूर्णिमाको स्नान सकेको भोलिपल्टै मकर स्नानको योग जुरेको छ ।रु माघ मासको सङ्क्रान्ति, जसलाई मकर संक्रान्ति भनिन्छ, सनातन संस्कृतिको एक प्रमुख चाड हो, जुन सूर्यको मकर राशिमा प्रवेश गर्ने समयमा मनाइन्छ । सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्छ र उत्तरायण सुरु हुन्छ। सूर्यको दिशा दक्षिणबाट उत्तरतर्फ परिवर्तन हुने भएकाले यो शुभ समय मानिन्छ र सूर्यको मकर राशिमा प्रवेश गरेको दिन मकर संक्रान्तिको पर्व मनाइन्छ।

मकर सङ्क्रान्ति सूर्य उपासनाको पर्व हो । यस दिन सूर्यदेवको पूजा गरी आशीर्वाद प्राप्त गरिन्छ। सनातन संस्कृति र धर्ममा सूर्य पूजाको धेरै महत्त्वपूर्ण स्थान छ । यो प्राचीन वैदिक परम्पराको एक हिस्सा हो, जसमा सूर्यलाई जीवन, ऊर्जा र स्वास्थ्यको स्रोत मानिन्छ । सूर्य उपासना मुख्यतया ब्रह्माण्डको पालनपोषणकर्ता मानिने सूर्यदेवको पूजा हो । सूर्य देवतालाई जीवनको स्रोत मानिन्छ, जसले प्राणी मात्रलाई जीवन र पोषण प्रदान गर्दछ। सूर्यको किरणहरूमा स्वास्थ्य प्रवर्द्धन गर्ने गुणहरू छन्, जसले शरीरलाई शक्ति प्रदान गर्दछ र रोगहरूबाट सुरक्षा दिन्छ। सूर्य उपासनाले आध्यात्मिक प्रगति हुन्छ, आत्मालाई शुद्ध बनाउँछ र आत्म-बल तथा आत्म-विश्वास बढाउँछ।

सूर्य पूजा सर्वाधिक प्रचलित पूजा परम्परा हो। सूर्यको पूजा गर्दा जल, फूल, अक्षता र चन्दनसहित सूर्यलाई अर्घ्य दिइन्छ । छठ पर्व पनि सूर्य पूजाको एक प्रसिद्ध पर्व हो ।

मकर संक्रान्ति नेपाल र भारतका विभिन्न भागमा विभिन्न नाम र परम्पराका साथ मनाइन्छ । मिथिलामा मकर सङ्क्रान्ति धुमधामका साथ मनाइन्छ । यहाँ यस पर्वलाई तिला सङ्क्रान्ति पनि भनिन्छ । यस दिन प्रत्येक परिवारमा प्रातःकालमा स्नान गरी देवतापितरलाई तिल गुड अर्पित गरी आफू पनि तिल गुड खिचडी खाने चलन छ । आमाबुबाले सन्तानलाई अक्षता, तिल र गुड मिसाएर आफ्नै हातले मुखमा तीन-तीन पटक खुवाउँछन् र त्यो खुवाउँदै गर्दा 'तिल-तिल बहब' भनी सोध्छन् भने सन्तानहरूले पनि 'बहबै' भनी जवाफ दिन्छन्। यसको तात्पर्य छोराहरुमा आमाबाबुप्रतिको सेवाको दायित्व तिल-तिल गरी अर्थात् हरेक तरहले वहन गर्नुपर्छ भन्ने संस्कार दिनु हो ।

मिथिलामा तिला सङ्क्रान्तिको दिन तिल र गुडबाट लड्डु बनाएर खाने चलन पनि छ, जसलाई 'लाय' भनिन्छ । यस्तो लाय मुरही (भुजा) र चुडा (चिउरा) को पनि बनाइन्छ। चिउराको लायमा अदुवा हालिएको हुन्छ, जसले गर्दा त्यसको स्वाद विशिष्ट हुन पुग्छ ।

तिलको सनातन संस्कृति, आयुर्वेद र धार्मिक परम्परामा निकै महत्वपूर्ण स्थान छ । यसै माघ महिनाको कृष्ण पक्षको एकादशीको नाम षट्तिला एकादशी हो । यसमा तिलको व्यवहार र दानको धेरै फल प्राप्त हुने भनिएको छ । तिलका ६ प्रकारको व्यवहार गर्ने व्यक्तिलाई षट्तिली भनिन्छ। तिलोद्वर्तन, तिलस्नान, तिलहोम, तिलको दान, तिल-भक्षण र तिलवपन तिलका ६ वटा व्यवहार हुन् ।

मकर सङ्क्रान्तिको दिन खिचडी खाने चलन पनि छ। अरुवा उच्च कोटिको सुगन्धित चामलको पकाइने तिला सङ्क्रान्तिको खिचडी चार-पाँच प्रकारको दाल र उपलब्ध भएसम्मको तरकारीहरू राखेर नुन, बेसार हाली धैर्यतापूर्वक पकाइने गरिन्छ। घ्यू, तेजपत्र, जिरा, हिङ, सुकेको खुर्सानीले झानेपछि खिचडीको स्वाद लाजबाब हुन्छ ।

शिशिर ऋतुमा पर्ने यो सङ्क्रान्ति पर्वमा शरीर शुद्ध गरी घिउ, तिल, गुड र खिचडी खानाले शरीरमा मौसमी आवश्यकता अनुसार प्रतिरोधी क्षमता वृद्धि हुन्छ। यस दिन शरीरमा तेल लेपन पनि गरिन्छ । यसो गर्नाले शरीर समृद्ध हुन्छ ।

यस वर्ष प्रयागराजमा कुम्भ स्नानको आयोजना गरिएको छ । भारत, उत्तर प्रदेशको प्रयागराजमा गंगा, यमुना र सरस्वती नदीको संगमस्थलमा कुम्भ गरिनेछ । यो १२ वर्षमा एकपटक हुने आयोजना हो, जो १३ जनवरी २०२५ को दिन सुरु भएर २६ फरवरी २०२५ को दिन पूर्ण हुनेछ। १२-१२ वर्षमा प्रयागराज, हरिद्वार, उज्जैन र नासिक स्थित गंगा नदीमा कुम्भ स्नानको आयोजना हुँदै आएको छ। नेपालमा सप्तकोशी नदीको किनारा चतर ाधाममा पनि १२-१२ वर्षमा कुम्भ स्नानको बृहत आयोजन हुँदै आएको छ ।

*(लेखक झा इतिहास, संस्कृति र समसामयिक विषयमा दक्खल राख्छन् । स्रोतः रातोपाटी)*

# वाह ! क्या फिगर



विनिता खनाल

'वाह् ! क्या फिगर छ यार !' लगभग १५ वर्षीय ठिटो हुँदो हो, उसले आफ्नो साथीलाई चुरोटको सर्को तान्दै आफूभन्दा दोब्बर उमेरकी महिलालाई हिंड्दै गरेको देखेर भनेको वाक्य थियो, यो । म त्यतै नजिकै भएकोले टक्क सुन्ने मौका मिल्यो । उनीहरु भन्दा पछाडि भएकोले होला उनीहरुको शब्दको प्रहारले म जोगिन सफल भएँ । यो सुन्दै गर्दा म बाटोमा थिएँ, दिउँसोको समय थियो । म भएको ठाउँदेखि घर पुग्न लगभग १५-१६ मिनेट लाग्दो हो । तर यो बीच, मेरो मन र मस्तिष्कमा वर्षौंदेखिका घटना छताछुल्ल भएर आए ।

मैले त्यो चुरोटको धुवाँभित्र हराउँदै गरेका केटाहरूमा मेरै भाइलाई देखें अनि उनीहरूको शब्दको तीरले छिया-छिया भएर भर्खरै त्यही बाटो हिंडेकी महिलामा आफ्नो प्रतिबिम्ब । कस्तो मन चसक्क भएर आयो । केवल कल्पना मात्र गर्दा पनि मलाई निकै पीडा भयो । सर्वप्रथम त पीडा यो कारणले भयो कि भाइले यति कलिलो उमेरदेखि चुरोटको लत बसायो, उसलाई के थाहा त्यो चुरोट आफू जलेर आफू त सकिंदैछ तर साथमा आफूलाई तान्ने मान्छेलाई पनि सकाउँदैछ । दोस्रो अनि सबैभन्दा बढी पीडा किन भयो भने आफ्नै भाइले आफूलाई आफ्नो शरीरको अंगलाई लिएर यस्तो केही भनेको थियो जो अकल्पनीय थियो, मेरा अनि म जस्ता सबै दिदीबहिनीहरूका लागि । हुनत यो कल्पना मात्र थियो तर पनि मन कटक्क भयो। अझै आफ्नै जीवनमा घटेका वास्तविक घटनाहरुको त लेखाजोखा हुन बाँकी नै थियो।

दिमाग न हो; कहिले फुत्त यता त कैले फुत्त उता कुदेर पुगिहाल्छ। यो एक घटनाले मलाई मेरो कक्षा ९ मा डोऱ्याएर लगेको थियो। म कक्षा ९ मा पढ्थें, परीक्षाको समय थियो अनि त्यो परीक्षा हल थियो । सबै विद्यार्थीले भरिभराउ थियो हल । हलमा सर पनि हुनुहुन्थ्यो । आफ्नै सुरमा परीक्षा दिइरहेकी म, मैले थप कापी माग्न सरलाई 'सर' भन्दै पेपरतर्फ इशारा गरें । आज ६ वर्ष बितिसक्दा पनि त्यो घटना भनौं वा दुर्घटना मेरो मानसपटलमा श्याम-श्वेत सिनेमा जसरी झलझली आइरहन्छ। सरको त्यो हेराइ अनि त्यसले मेरो जीवनमा छोडेको असरलाई कसरी वर्णन गरौं । त्यो बेला आफु डेक्समा बस्नुभएको थियो उहाँ । मलाई त्यहीं गएर थप कापी लिनु भन्दै इशारा गर्नुभयो । म पनि सरले भने जस्तै गरें । तर म यो कुरादेखि अन्जान थिएँ कि ममाथि अब कुन बज्रपात हुँदैछ। उहाँले पेपर त दिनुभयो तर बदलामा मेरो ढाडमा जसरी हात राख्नुभयो त्यसले मेरो जीवनभरको निम्ति डर, त्रास एवं हरेक पुरुषहरू प्रतिको घृणाभाव पनि दिनुभयो ।

बाबा सानैदेखि जागिरको सिलसिलामा घर बाहिर नै रहनुभएकोले मेरो जीवनमा सबैभन्दा नजिकको पुरुष भनेकै मलाई पढाउने मेरा गुरुबाहरू हुनुहुन्थ्यो। उहाँहरू जस्तो देखिनुहुन्थ्यो म बच्चीलाई लाग्थ्यो पुरुष भनेको यस्तै हुन्छन् । त्यसैले त्यो घृणा पुरुष जात माथि नै थियो, त्यो घृणा त्यो आफ्नो बाबा भन्दा बढी उमेरको मान्छेबाट पनि म सुरक्षित छैन भन्ने तितो यथार्थ माथि पनि थियो, त्यो घृणा म स्त्री भएकै कारण यो सबै सहनुपर्छ भन्ने कुरादेखि पनि थियो ।

म सानी थिएँ, मलाई कसैले सिकाएको थिएन 'गुड टच र ब्याड टच' बारे । शायद त्यो बेला पनि अहिलेको जस्तो भएको भए, थाहा पाउँथें होला अनि भन्न सक्थें होला। उति बेला बोल्न सकिनँ तर त्यो क्षण आफ्नो आँखा अगाडि आउँदा मेरो ज्यान अझै पनि सिरिङ्ग हुन्छ। आफैंसँग घिन लाग्छ, बिर्सिन नसक्ने त्यो स्पर्श कहालीलाग्दो, घिनलाग्दो अनि भयानक थियो। उहाँ अझै पनि यतै कतै हुनुहुन्छ संयोग मिले यो पढ्ने असुभ अवसर पनि पाउनुहोला। 'सर तपाईंलाई जीवनभर भुल्ने छैन !'

एक दिन म मेरी आमासँग बसमा यात्रा गर्दै थिएँ । म कति वर्षकी थिएँ मलाई ठ्याक्कै याद त छैन तर जे होस् म ११ मा पढ्थें। बस यात्रुहरूले खचाखच भरिएको हुनाले हामी दुवै जना सहित धेरै यात्रुहरू उभिएका थियौं । तिनै यात्रुहरूको भीडमा उभिएको थियो मेरो

...बाँकी पृष्ठ ३ मा

# एसईईमा सहभागी हुने विद्यार्थीलाई अभिप्रेरणात्मक अभिमुखीकरण



अभिमुखीकरण कार्यक्रममा सहभागी विद्यार्थीहरु ।

समाज संवाददाता

हेटौंडा: निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) हेटौंडा उपमहानगर समितिको आयोजनामा एसईईमा सहभागी हुने विद्यार्थीलाई अभिप्रेरणात्मक अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। सोमबार एक दिवसीय अभिमुखीकरण कार्यक्रममा हेटौंडा उपमहानगर क्षेत्रका १८ वटा विद्यालयका विद्यार्थीको सहभागिता रहेको थियो ।

प्याब्सन हेटौंडा उपमहानगर समितिका अध्यक्ष रामकुमार श्रेष्ठको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाका अधिकृत हरिचन्द्र सापकोटाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । डा. ताराप्रसाद गिरीले एसईईको तयारीका लागि विद्यार्थीले ध्यान दिनुपर्ने कुरा, विद्यार्थीको व्यवहार, आचरणमा सुधार गर्न ध्यान दिनुपर्ने कुराका विषयमा अभिप्रेरणात्मक प्रस्तुती राख्नुभएको थियो ।

विद्यार्थीले उत्कृष्ट नतिजा ल्याउने सपना देख्नुपर्ने र त्यसअनुसार अध्ययनको तयारीमा लाग्नुपर्ने डा. गिरीको भनाइ थियो । कार्यक्रममा मकवानपुरका १८ वटा निजी विद्यालयका ४ सय ४७ जना विद्यार्थीको सहभागिता रहेको थियो। पहिलो चरणको कार्यक्रममा सहभागी हुन नपाएका विद्यालयका विद्यार्थीलाई माघ महिनाको अन्तिममा दोस्रो चरणको कार्यक्रम आयोजना गरिने प्याब्सन हेटौंडा उपमहानगर समितिका सचिव सुदीप गिरीले जानकारी दिनुभयो ।

# लागूऔषध गाँजासहित दुईजना पक्राउ




समाज संवाददाता

हेटौंडा : मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ । आइतबार हेटौंडा-१९, नेवारपानीस्थित ईलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले १५ किलो ६ सय ८० ग्राम लागूऔषध गाँजासहित मनहरी गाउँपालिका-३ का ४० वर्षीय बाबु बल भन्ने बहादुर बल र हेटौंडा-११ थानाभन्ज्याङका १९ वर्षीय आशिष भन्ने सलमान गुरुङलाई पक्राउ गरेको हो ।

पूर्व-पश्चिम राजमार्गमा सवारी साधनहरु रोकेर सुरक्षाजाँच गर्दा नारायणगढबाट हेटौंडा हुँदै कोल्वीतर्फ जाँदै गरेको ना ५ ख ५१२९ नम्बरको यात्रुबाहक बसमा सवार बहादुर बल र सलमान गुरुङको साथबाट प्रहरीले गाँजा बरामद गरेको हो । दुबै जनालाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट ८ दिनको म्याद अनुमती लिई हिरासतमा राखेर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# नारायणी अटो ट्रेड लिंक्सको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडा: नारायणी अटो ट्रेड लिंक्स प्रालिको साधारणसभा सम्पन्न भएको छ। आइतबार हेटौंडा-४ स्थित नारायणी यातायात व्यवसायी संघको सभाहलमा २२ औं वार्षिक साधारणसभा भएको हो ।

संघका अध्यक्ष हीरालाल श्रेष्ठको सभाध्यक्षतामा भएको साधारणसभामा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य रहेको थियो । साधारणसभाको अवसरमा विभिन्न विधाका ६ जनालाई सम्मान गरिएको थियो ।

सर्वोत्कृष्ट कारोबार गर्ने आशीष पौडेल र राजन रोक्कालाई सम्मान गरिएको थियो । सर्वाधिक कारोबार गर्ने देवनाथ लामिछाने, पूर्व प्रबन्ध सञ्चालक रोमप्रसाद खनाल, संघका कानुनी सल्लाहकार वरिष्ठ अधिवक्ता ईश्वरराज ढकाललाई पनि सम्मान गरिएको छ ।

साधारणसभालाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले नारायणी यातायातले व्यक्तिगत लाभमा मात्र केन्द्रि नभई नागरिकको हित लक्षित काम गर्नुपर्ने बताउनुभयो । नागरिकलाई सहज रुपमा सेवा प्रदान गर्नु व्यवसायीको दायित्व रहेको उहाँको भनाइ छ। हेटौंडामा शिक्षा र स्वास्थ्यको राम्रो व्यवस्था नहुँदा समस्या भइरहेको उहाँले बताउनुभयो । संस्थाले गत आर्थिक वार्ष २०८०/०८१ मा २९ लाख ३ हजार ३ सय ७९ रुपैयाँ मुनाफा कमाउन सफल भएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । हाल सो संस्थामा ४९ जना सदस्य रहेका छन् ।

# लडेर चमारको मृत्यु

समाज संवाददाता

हेटौंडा : मकवानपुरको बागमती गाउँपालिका-८, फापरबारीमा डेरी सञ्चालन गर्दै आएका छिमेकी मुलुक भारतको विहार राज्यको मोतिहारीका ५५ वर्षीय शिव बालक चमार एक्कासी लडेर मृत्यु भएको छ । सोमबार दिउँसो ३ बजेको समयमा गाउँपालिकाको घनसाइ डाँडाको बाटोमा हिँडिरहेका चमार एक्कासी लडेर बेहोस भएका थिए ।

एक्कासी ढलेका चमारलाई उपचारका लागि हेटौंडा अस्पताल पुऱ्याइएको थियो । हेटौंडा अस्पताल पुऱ्याएर दिउँसो ४ बजेर २५ मिनेटको समयमा चिकित्सकले स्वास्थ्यजाँच गर्दा चमारको मृत्यु भएको घोषणा गरिदिएको प्रहरीले जानकारी दिएको छ । चमारको शव हेटौंडा अस्पतालमै रहेको प्रहरीले उल्लेख गरेको छ ।

# स्ववियुले गऱ्यो विद्यार्थीको स्वागत र बिदाई

समाज संवाददाता

हेटौंडा: स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) मकवानपुर बहुमुखी क्याम्पसले स्नातक तहको विद्यार्थीलाई स्वागत तथा बिदाई गरेको छ । सोमबार स्ववियुले स्नातक तह प्रथम वर्षका विद्यार्थीलाई स्वागत तथा स्नातक तह चौथो वर्षका विद्यार्थीलाई बिदाई कार्यक्रम आयोजना गरेको हो ।

स्ववियु मकवानपुर क्याम्पसका उपाध्यक्ष रोजन घिमिरेको अध्यक्षता तथा बागमती प्रदेशको पूर्वमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पूर्वमन्त्री मोक्तानले क्याम्पसमा अध्ययन गर्ने विद्यार्थी पलायन भइरहेको बताउनुभयो । विद्यार्थी पलायन बढ्नु छलफल र बहसको विषय बनेको उहाँको भनाइ छ ।

युवालाई देशभित्रै सहजरुपमा बस्ने वातावरण निर्माण गर्नु सबैको दायित्व रहेको पूर्वमन्त्री मोक्तानले बताउनुभयो । अरुलाई दोषारोपण गर्नुभन्दा आफू सक्षम बनेर देश विकासमा लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । विदेश पलायन भएर देश विकास भएन भन्नु नैतिकहीन कुरा हुने उहाँको भनाइ छ ।

मकवानपुर बहुमुखी क्याम्पसका सहायक प्रमुख संगम चौलागाईंले क्याम्पसलाई विश्वविद्यालय बनाउने योजना अगाडि बढिसकेको जानकारी दिनुभयो । क्याम्पसमा सिकेका ज्ञान, सिप र क्षमतालाई उपयोग गर्न क्याम्पसले उद्यमशीलसम्बन्धी कार्यक्रम गरिरहेकाले उक्त कार्यक्रममा जोडिनसमेत उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष विकेश शाक्य, स्वतन्त्र विद्यार्थी युनियन हेटौंडा क्याम्पसका अध्यक्ष अभि मैनाली, मकवानपुर बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनका निवर्तमान अध्यक्ष कुमार केसीलगायतको उपस्थिति रहेको थियो। सोही अवसरमा सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएको थियो ।

## वाह क्या...

अर्को डरलाग्दो अनि तितो जीवनको घटना । म उभिएको ठ्याक्कै पछाडिपट्टि एउटा उमेरले मभन्दा ठूलो दाह्री फुलिसकेको पुरुष थियो । मैले बसको बार समाएर उभिएकी थिएँ। मेरो पछाडिपट्टि त्यही अधबैंसे पुरुष मेरो शरीरमा असजिलो तरिकाले टाँसिंदै थियो ।

मलाई यो निकै अप्ठ्यारो, कष्टकर लाग्यो, मलाई के के लाग्यो शब्दमा भन्न सक्दिनँ । सायद यो जस्ताको त्यस्तै बुझाउन पनि सक्दिनँ । 'आमा मलाई असहज भयो हेर्नुस् न यो मान्छेले के के गर्दैछ' मैले मेरी आमालाई भनें । आमाले प्रत्युत्तरमा त्यो पुरुषतिर फर्केर भन्नुभयो, 'नानीलाई अप्ठ्यारो भयो अलि पर उभिनु न।' तर पनि त्यो मानिसको न सोच बदलियो न त हर्कत नै । त्यो पल मेरो मनमा कुन आँधीबेहरी आएको थियो त्यो त मलाई मात्र थाहा छ । त्यो पल मलाई म कति विवश लागेको थियो त्यो पनि मलाई थाहा छ, याद छ । शायद त्यो दिन मैले मेरो डरमाथि जीत हासिल गर्नको निम्ति पहिलो कदम चालेकी पनि हुँ जस्तो मलाई लाग्छ ।

त्यो पल म बसबाट झर्ने बेला मैले त्यो पुरुषको खुट्टा आफ्नो खुट्टाले बेस्सरी टेकेकी थिएँ, उसले 'ऐया' पनि भनेको आवाज मेरो कानमा पुगेको मलाई याद छ। त्यो सुनेर मलाई साँच्चै कस्तो लागेको थियो भने म बाटोमा हिंडिरहेको बेला जसले पनि मलाई असहज हुने तरिकाले हेर्छन् भने ती सबैलाई पनि म त्यस्तै गर्न पाए हुन्थ्यो नि !

अहिले यी घटनाहरू सम्झिंदा कस्तो लाग्छ भने यी घटना त प्रतिनिधि घटना मात्र पनि भन्न मिल्दैन त्यति गहिरा भोगाइहरू हाम्रा बहिनी, दिदी, आमा अथवा हरेक नारीले भोग्नु परेको छ । केही भनौं भने के भनौं ! देखिने गरी के नै भएको छ र ! घाउ देखाउँ भने कसलाई देखाउँ ! देखिने घाउ फेरि लागेकै कहाँ छ र ? केही नहुँदासम्म केही भएकै हुँदैन केही भएपछि भन्नलाई ज्यान बाँकी रहन्न ।

महिलाको 'फिगर' भनेर जुन अलि उठेको छाती र पिठ्यूँमा हेरेर नानाथरी भन्ने मानिसहरु किन बुझ्दैनन् होला यो एउटा कुरा, तिनीहरूले भन्ने गरेको 'फिगर' महिला भएको कारणले हरेक स्त्रीमा हुने प्रकृतिको देन हो । ती हरेक पुरुष जसले एक स्त्रीलाई हेरेर 'वाह् ! क्या फिगर !' भनेर भने अथवा यो सोच राखे, उनीहरुको आफ्नै दिदीबहिनी अथवा जो सुकैलाई पनि त अर्को कुनै परपुरुषले हेरेर मुख मिठ्याएर ओठ पड्काएर भन्दो हो, 'वाह ! क्या फिगर !'

कम्मरको हड्डी सामान्यतः पुरुषको तुलनामा महिलाको ठूलो हुन्छ किनकि महिलाको शारीरिक बनावट नै यस प्रकार बनेको हुन्छ कि त्यो हड्डी यति ठूलो होस् त्यहाँ बच्चा आनन्दले बस्न सकोस् । अझ स्तन भनेको त साक्षात् अमृत हो त्यही स्तनपान गरेर त हरेक पुरुषलाई एक आमाले सिञ्चेकी हुन्छिन् ।

लुगाले छोपिएको मेरो शरीरलाई समेत घुरेर हेर्ने ती गिद्धे नजरहरूबाट जोगाउन हाम्रो समाजले भन्ने गरेको एउटा वाक्य छ- 'यस्तो टिमिक्क परेको लुगा लगाएर हिंडेपछि कसले बाँकी छोड्छ त ?' म मोटी हुँदा पनि हेर्ने ती गिद्धे नजरहरु थिए र म पातली हुँदा पनि हेर्ने ती गिद्धे नजरहरु छन् । म दिदी भए पनि आमा भए पनि हेर्ने ती गिद्धे नजरहरु छन् अझै म स्त्री मात्र हुँदा कसरी ती गिद्धे नजरहरुबाट सुरक्षित छु होला र ? मेरा नजिककाले त मलाई गिद्धे नजरले हेरे म पराइदेखि कसरी सुरक्षित छु होला र ?

मेरो शरीर चाहे छोपियोस् चाहे देखियोस्, म मोटी हुँ वा पातली, काली हुँ वा गोरी, बालक हुँ वा वृद्ध म एक स्त्री भएकै कारणले गर्दा मेरो शरीरलाई जसरी यी गिद्धे नजरले हेर्छन् र जो पनि मेरा शरीरसँग सम्बन्धित शब्दको प्रहार गर्छन् तिनीहरू न हिजो सुध्रिएका थिए न भोलि सुध्रिने छन् । यो सुध्रिनका निम्ति पुरुषले महिलालाई कापीका पानामा होइन आफ्नो वास्तविक जीवनमा सम्मान दिनुपर्छ ।

यो सत्र मिनेटको दूरी आज केही कम लागेन, वर्षौंका घटना आँखा अगाडि नाचिरहे । घर पुग्नै लागेकी थिएँ कसैले पछाडिबाट मलाई भन्यो 'वाह् ! क्या फिगर !' पछाडि फर्केर पनि हेर्न मन लागेन । के हेर्ने ? त्यहाँ आजको नयाँ मान्छे छ र हेर्नु ? के अनौठो घटना घट्यो र हेर्नु ?

के भन्ने गरिन्छ भने हाम्रो अवचेतन दिमागले जे गराउँछ अथवा हामी धेरै समय जे सोचिरहेछौं हामी त्यही बन्छौं । त्यसो हो भने सोचौं त एउटा बलात्कारीको अवचेतन दिमागमा के चलिरहेको थियो होला ? के बलात्कार कुनै मानिसले गर्छ ? अथवा कुनै सोचले गर्छ ?

यति भनिरहँदा यस्तो पनि होइन कि मैले जीवनमा असल पुरुष देखेकै छैन । मैले खराब भन्दा धेरै असल पुरुषहरु देखेकी छु । मैले एक स्त्री भएकै कारण अपमान भन्दा बढी सम्मान पाएकी छु । मलाई म स्त्री हुनुमा गर्व छ। तर एउटा मात्र मानिस खराब निस्कियो भने कसैको जीवन नर्क बन्न केही बेरै लाग्दैन । हामी असल हुँदाहुँदै पनि कतै हाम्रा नानीहरु हजारौं असलहरुको भीडमा लुकेर बसेका यस्ता केही गिद्धहरुको नजरमा परेका त छैनन् !

(स्रोत: अनलाईनखबर)


## शिक्षक आवश्यकता

(प्रथम पटक प्रकाशित मिति: २०८१/१०/०१)

प्रस्तुत विषयमा यस विद्यालयको लागि संघीय अनुदान दरबन्दी कोटामा विज्ञान विषय अध्यापन गराउन १ जना शिक्षक पदपूर्ति गर्नका लागि भीमफेदी गाउँपालिकाको मिति २०८१/०९/२९ गतेको च.नं. ९११ को प्रँप्त अनुमतिपत्र र वि.व्य.स. को मिति २०८१/०९/२९ को निर्णय अनुसार आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल:**

**१. विज्ञापन नं. : ०१/०८१/०८२**

२. तह/विषय : नि. मा. वि. (संघीय अनुदान कोटा) विज्ञान विषय

३. शैक्षिक योग्यता: विज्ञान मुल विषय लिई आई.एस.सी. वा सो सरह

४. तलब सुविधा: नेपाल सरकारले तोके बमोजिम

५. दरखास्त दस्तुर: १०००/– (एक हजार मात्र)

६. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

७. परीक्षाको किसिम: लिखित र मौखिक

८. दरखास्त दिने अन्तिम मिति : २०८१ माघ १ गते देखि १५ गतेसम्म कार्यालय समयभित्र

(करार सुचीमा भएकालाई माघ १ गते देखि ७ गतेसम्म)

९.सम्पर्क मिति : २०८१ माघ १८ गते ४:०० बजेसम्म

१०.परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।

**नोट** : माथिल्लो योग्यता भएकालाई प्राथमिकता दिइनेछ ।

**आवश्यक कागजातहरू:**

क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

ग) स्थायी अध्यापन अनुमति पत्र प्रतिलिपी ।

घ) बायोडाटा एक प्रति र अनुभव भए सो समेतको प्रतिलिपी ।

ङ) सम्पूर्ण कागजातहरु २/२ प्रति ।

च) हस्तलिखित निवेदन

**सम्पर्क: ९८५४०४११४० (प्र.अ.), ९८४५१०६४९६ (अध्यक्ष)**

**श्री दीपक आधारभूत विद्यालय**

**भीमफेदी–१, किसेडी, मकवानपुर**



## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७



## सञ्चालनमा आयो

**पशुपति ईभी चार्जिङ स्टेशन**

हेटौंडा–४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर



**६ वटा चार्जिङ युनिटसहित**

सम्पर्क: ९८५५०६८८७३



## के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्

- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो ।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

**अध्यक्ष नवराज घिमिरे एवम्**

**नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार**

**हेटौंडा-४, मकवानपुर**

# हार्दिक बधाई



प्रमोद सिंह रानाभाट
अध्यक्ष


राजु अधिकारी
वाणिज्य उपाध्यक्ष


दीपक उप्रेती
उद्योग उपाध्यक्ष


उज्ज्वल चौलागाई
एसोसिएट उपाध्यक्ष


कान्यमणि अधिकारी
वस्तुगत उपाध्यक्ष


प्रतिमा श्रेष्ठ
महासचिव


तेजराज अधिकारी
कोषाध्यक्ष


कुलप्रसाद चौलागाई
वाणिज्य सचिव


रुपकराज दाहाल
उद्योग सचिव


माधव ज्ञवाली
एसोसिएट सचिव


नेत्रप्रसाद खतिवडा
वस्तुगत सचिव


राजाराम कार्की
वस्तुगत सचिव


निलम वैद्य
सह-कोषाध्यक्ष

**मकवानपुर उद्योग वाणिज्य संघको ५८औं वार्षिक साधारणसभाबाट**
आदरणीय दाजु **प्रमोद सिंह रानाभाट** नेतृत्वमा निर्वाचित पदाधिकारी तथा सदस्य ज्यूहरुमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

**जेसीआई सिनेटर लिसेन बस्नेत**

## अध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०२१

**हाल : लिजवर्ग, भर्जिनिया, अमेरिका**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ